# प्रोफेसर कोवायासी मेमोरियल फाउण्डेसन

## कोष संचालन निर्देशिका, २०७३

जापानको अजाबु विश्वविद्यालयका पशु चिकित्सा विधाका प्रोफेसर कोसाकु कोवायाशीले उक्त विश्वविद्यालयबाट सेवा निवृत्त भएपश्चात तात्कालिन कृषि तथा पशु बिज्ञान अध्ययन संस्थान, अन्तरगतको, रामपुर क्याम्पसमा वि.सं. २०५६ देखि स्वयंसेवकको रूपमा भेट्नरी शिक्षाको स्तरोन्नति, प्रयोगशालाहरुको आधुनिकीकरण साथै प्राध्यापक एवं विद्यार्थीहरुको वृत्ति विकासमा प्रत्यक्ष एवं परोक्ष रुपले योगदान गरी नेपाल र जापानको बिचमा पशु चिकित्सा क्षेत्रमा सम्पर्क सेतुको रुपमा कायरत रहँदाकै अवस्थामा २०६६ साल भाद्र (सन् २010 को सेप्टेम्वर) मा उहाँको निधन भएकोले यस किसिमको अपूर्व एवं उदाहरणीय योगदानको कदर एवं स्मरण गर्दै स्वर्गीय प्रोफेसर कोवायाशीको प्रेरणा र योगदानले अमरत्व प्राप्त गरोस् भनी उहाँको सम्झनामा रामपुरमा अवस्थित कृषि तथा बन बिज्ञान विश्वबिद्यालय अर्न्तगत पशु बिज्ञान, पशु चिकित्सा तथा मत्स्य बिज्ञान संकाय अर्न्तगत प्रोफेसर कोवायासी मेमोरियल फाउण्डेशन कोषको स्थापना तथा सञ्चालन गरि व्यवस्थित गर्न बाञ्छनीय भएकोले, कृषि तथा वन विज्ञान विश्वविद्यालय आर्थिक प्रशासन नियमावली, २०६९ को नियम ८ र ११६ ले दिएको अधिकार प्रयोग गरी कार्यकारी परिषद्ले यो निर्देशिका जारी गरेको छ ।

### परिच्छेद -१

### संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ :**

क) यो निर्देशिकाको नाम "प्रोफेसर कोवायासी मेमोरियल फाउण्डेशन कोष संचालन निर्देशिका, २०७३" रहेको छ।

ख) यो निर्देशिका कार्यकारी परिषद्बाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) “कोष” भन्नाले प्रोफेसर कोवायासी मेमोरियल फाउण्डेशनको सञ्चालनका लागि स्थापना गरेको कोष सम्झनु पर्दछ ।

ख) “ऐन” भन्नाले कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७ लाई सम्झनु पर्दछ ।

ग) “नियमावली” भन्नाले कृषि तथा वन बिज्ञान विश्वविद्यालय आर्थिक प्रशासन नियमावली २०६९ सम्झनु पर्दछ ।

घ) “निर्देशिका ”भन्नाले प्राफेसर कोवायासी मेमोरियल फाउण्डेसन कोष संचालन निर्देशिका, २०७३ सम्झनु पर्दछ ।

ङ) “कार्यालय” भन्नाले पशु बिज्ञान, पशु चिकित्सा तथा मत्स्य बिज्ञान संकायको कार्यालयलाई सम्झनु पर्दछ ।

च) “परिषद” भन्नाले कृषि तथा बनबिज्ञान विश्वविद्यालयको कार्यकारी परिषद्लाई सम्झनु पर्दछ ।

छ) “सञ्चालक समिति” भन्नाले कोष संचालनको लागि यस निर्देशिका बमोजिमको कोष सञ्चालक समितिलाई सम्झनु पर्दछ ।

ज) “सहयोग ” भन्नाले यस निर्देशिका बमोजिम तोकिएको व्याज लिने गरी समितिले सुरक्षण लिई वा नलिई कोषमा जम्मा भएको जुनसुकै संस्थाले प्रदान गरेको रकम सम्झनु पर्दछ ।

झ)  “संकाय” भन्नाले कृषि तथा वन बिज्ञान विश्वविद्यालयको पशु विज्ञान पशु चिकित्सा  तथा मत्स्य विज्ञान संकाय संझनु पर्दछ ।

(ञ)  “तोकिएको” वा तोकिए बमोजिम भन्नाले विश्वविद्यालयको निर्णय गरी समय समयमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

## परिच्छेद-२

## कोषको स्थापना सम्बन्धी व्यवस्था

३.  कोषको स्थापनाः

१)  नियमावलीको को नियम ८ को प्रयोजन बमोजिम कृषि तथा वन बिज्ञान विश्वविद्यालय अर्न्तगत रहने प्रोफेसर कोवायासी मेमोरियल फाउण्डेशन कोष नामको एक कोष स्थापना गरिने छ ।

२)  कोषमा  देहाय बमोजिमका रकम रहने छ ।

क)  बजेट  निकासाबाट बिनियोजित रकम ।

ख)  सरकारी तथा गैरसरकारी सस्था, ब्यक्ति छात्रवृत्ति, शिक्षकवृत्ति, पदक, पुरस्कार, कल्याणकारी कार्यक्रम जस्ता खास प्रयोजनका लागि प्राप्त बिषेश वा अत्तिरिक्त अनुदान, सहायता, दानदातब्य र चन्दा बापत प्राप्त रकम ।

ग)  विश्वविद्यालयको कार्यकारी परिषदको स्विकृति वा निर्णय बमोजिम प्राप्त हुनसक्ने अन्य रकम ।

घ)  कोषको सञ्चित पूँजीलाई आयआर्जन कार्यमा परिचालन गरी त्यसबाट प्राप्त हुने रकम ।

ङ)	कोषको रकम लगानी गरी त्यसबाट प्राप्त रकम ।

च)	कुनै व्यक्ति वा संस्था वा निकायद्धारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम ।

छ)	वैदेशिक सरकार, व्यक्ति वा निकायबाट प्राप्त हुने सहयोग रकम, तर यस्तो सहयोग प्राप्त गर्नु अघि कार्यकारी परिषदको पूर्व स्वीकृति लिनु अनिवार्य हुनेछ ।

३)	दफा (२) बमोजिम कोषमा जम्मा भएको रकम पायक पर्ने स्थानीय बैंकमा “प्रोफेसर कोवायासी मेमोरियल फाउण्डेशन कोष” नामक खाता खोली आर्थिक कारोवारको सञ्चालन गरिनेछ ।

**४.	खाता संचालनः**

कोषको आर्थिक कारोवारको लागि कोषका अध्यक्ष, सदस्य–सचिव , कोषाध्यक्ष र लेखा अधिकृतको संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ  । अध्यक्ष वा सदस्य–सचिव मध्ये एक, कोषाध्यक्ष र लेखा अधिकृतको दस्तखत अनिवार्य हुनेछ । (यस दफाको प्रयोजनका लागी लेखा अधिकृत भन्नाले यस संकायमा कार्यरत लेखा अधिकृतलाई जनाउनेछ) ।

**५.	कोषको प्रयोगः**

१)	कोषको सर्म्पुण कार्यक्रमहरु आफ्नो कुल बजेट रकमको ५० प्रतिशत ननाघ्ने गरि खर्च गर्न र जुन आर्थिक बर्षमा जति खर्च गरिन्छ सोही आर्थिक बर्षमा कम्तीमा खर्च भएको रकम बराबरको आम्दानी खोजिनुपर्नेछ ।

२) देहाय बमोजिमका कामको लागि मात्र परिच्छेद (४) मा उल्लेख भएको कोषबाट सहयोग सम्बन्धी व्यवस्था भए बमोजिम रकम खर्च गरिने छ ।

क) विद्यार्थीहरुलाई अनुसन्धान सम्वन्धी कार्यक्रम मा सहयोग गर्ने ।

ख) भेट्नरी शिक्षण अस्पतालमा सेवाको गुणस्तर बढाउन सहयोग गर्ने ।

ग) राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सभा सम्मेलनमा अनुसन्धानत्मक नजिताहरू सहित भाग लिने कार्यमा सहयोग गर्ने ।

घ) पशु स्वास्थ्य र पशु प्रजनन् सम्वन्धि शिविरहरु एवं सेवामुलक कार्यक्रमहरु गर्न सक्ने।

ङ) संकायको अन्य शैक्षिक गतिविधिहरुमा सहयोग गर्ने ।

## परिच्छेद -३

## कोष सञ्चालक समितिको गठन र बैठक सम्वन्धी कार्यविधि

**६. कोष सञ्चालक समितिको गठन विधिः**

१. प्रोफेसर कोवायासी मेमोरियल फाउण्डेशन कोषको सञ्चालन तथा व्यवस्थापनको लागि एक सञ्चालक समितिको गठन गरिनेछ ।

२. उपदफा (१) बमोजिम गठन गरिने सञ्चालक समितिमा देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरू रहने छन् ।

क) पशु बिज्ञान, पशु चिकित्सा र मत्स्य बिज्ञान संकायका डिन - अध्यक्ष

ख) जापानमा अध्ययन गरेका विश्वविद्यालयका पशु बिज्ञान, पशु चिकित्सा र मत्स्य बिज्ञान विधाका शिक्षक मध्येबाट अध्यक्षले तोकेको व्यक्ति १ जना - सदस्य–सचिव

ग) जापानमा अध्ययन गरेका विश्वविद्यालयका पशु बिज्ञान, पशु चिकित्सा र मत्स्य बिज्ञान विधाका शिक्षक मध्येबाट अध्यक्षले तोकेको व्यक्ति १ जना -कोषाध्यक्ष

घ) भेट्नरी शिक्षण अस्पतालका निर्देशक १ जना - सदस्य

ङ) यस संकायका लेखा अधिकृत मध्येबाट १ जना -सदस्य

उल्लेखित खण्ड (क) र (घ) का पदाधिकारीहरु पदेन हुने छन् भने खण्ड (ख), (ग) र (ङ) का पदाधिकारीहरुको पदावधि ३ वर्षको हुनेछ ।

**३. सल्लाहकार समितिको गठनः**

विश्वविद्यालयका उपकुलपति, रजिष्ट्रार तथा यसकोषलाई उल्लेख्य मात्रामा आर्थिक सहयोग गर्ने व्यक्ति यसकोषको सल्लाहकार समितिको सदस्य रहने छन् ।

**७. कोष संचालक समितिको बैठकः**

१) सञ्चालक समितिको बैठक कम्तीमा त्रैमासिक रुपमा एक पटक नघटने गरी अध्यक्षले तोकेको स्थान र समयमा बस्नेछ ।

२) बैठकको निर्णय सामान्यतया सर्वसम्मत रूपमा गरिनेछ । यदि सर्वसम्मत् रूपमा निर्णय हुन नसकेमा बहुमतको निर्णयलाई सञ्चालक समितिको निर्णय मानिने छ । कुनै विषयमा बहुमतबाट निर्णय हुन नसकि मत बरावर भएमा अध्यक्षले निर्णायक मत दिन सक्ने छन् ।

३) समितिले बैठकमा कुनै व्यक्तिलाई विशेषज्ञको रुपमा आमन्त्रण गर्न सक्ने छ। तर त्यस्ता विशेषज्ञलाई मतदान गर्ने अधिकार हुने छैन।

४) सञ्चालक समितिको बैठकमा भएको काम कारवाही तथा निर्णय सञ्चालक समितिमा कुनै पद रिक्त भएको वा कुनै सदस्य अनुपस्थित भएको कारणले मात्र अवैध हुने छैन।

५) सञ्चालक समितिको प्रशासनिक खर्च यस कोषबाट गर्न पाइने छैन।

८. **बैठकको गणपूरक संख्याः**

प्रोफेसर कोवायासी मेमोरियल फाउण्डेशन कोष सञ्चालक समितिको जम्मा सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यको उपस्थिति नभई बैठकको गणपुरक संख्या पुगेको मानिने छैन।

९. **कोषको सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** कोष संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुने छ।

१) कोष संचालनको सम्पुर्ण जिम्मेवारी लिई कोष संचालनकालागि आवश्यक निर्णयहरु लिने।

२) बैठकबाट पारित निर्णय कार्यान्वयन र समिक्षा गर्ने।

३) कोषकोलागि आर्थिक श्रोत जुटाउने।

४) कोषको आय वृद्धि गर्न विविध कार्यक्रम सञ्चालन गर्ने।

५) अनुसन्धान र खोजमुलक कार्यकालागि योगदान पुऱ्याउने।

६) कोषको संचित पूँजीलाई आयआर्जन कार्यमा उपर्युक्त तरिकाले परिचालन गर्ने ।

७) अघिल्लो आर्थिक बर्षको हर हिसाबको लेखापरीक्षण गराउने व्यवस्था मिलाउने ।

८) यो निर्देशिकाको अधिनमा रही कोषको संचालन नियन्त्रण रेखदेख तथा व्यवस्थापन गर्ने गराउने ।

**१० . कोषको संचालक समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः**

**१) अध्यक्षको काम, कर्तव्य र अधिकारः**

क) कोषको बैठकको अध्यक्षता गर्ने ।

ख) कोषको सम्पूर्ण गतिविधिको नेतृत्व गर्ने ।

ग) कोषको हरेक क्रियाकलापको जवाफदेहिता बहन गर्ने ।

घ) बैठकमा मत बरावर भएमा निर्णायक मत दिने ।

ङ) बैठकको निर्णय कार्यान्वयन गराउने ।

च) कोष संचालनमा जिम्मेवारी बहन गर्ने ।

**२) सदस्य–सचिवको काम, कर्तव्य र अधिकारः**

क) कोषको सचिवालय सञ्चालन गर्ने ।

ख) कोषको बैठकमा पेश गर्ने छलफलका विषयहरू तयार गर्ने ।

ग) बैठकको निर्णय कार्यान्वयन गराउने ।

**३) कोषाध्यक्षको काम कर्तव्य र अधिकार :**

क) कोषलाई व्यवस्थित गर्ने ।

ख) आय व्यय विवरण समितिमा पेश गर्ने ।

ग) कोषलाई लेखा परिक्षण गराउने ।

घ) अध्यक्ष वा समितिको निर्देशनमा आय व्यय हिसाव राख्ने वा राख्न लगाउने ।

ङ) कोषको बजेट तयार गर्ने ।

च) कोषको आर्थिक व्यवस्थाको सम्पुर्ण जिम्मेवारी लिने ।

४) **सदस्यहरुको काम, कर्तव्य र अधिकारः**

क) समितिको बैठकमा नियमित रूपमा भाग लिने ।

ख) समितिको बैठक र कार्यहरुमा अन्य पदाधिकारीलाई सघाउने ।

ग) समितिले दिएको जिम्मेवारीको वहन गर्ने ।

## परिच्छेद -४

## कोषबाट दिइने सहयोग सम्बन्धी व्यवस्था

११. **सहयोग सम्बन्धी व्यवस्था** : १) विद्यार्थीहरुलाई अनुसन्धान सम्वन्धि कार्यक्रम Student research support program मा सहयोग गर्ने ।

२) यस्ता कार्यक्रमहरुमा रकम खर्च गर्दा सञ्चालक समितिले ३ सदस्यीय कार्यक्रम समिती गठन गरी सो समितीले आफ्नो कार्यविधी वनाई प्रस्ताव आव्हान, क्षेत्रगत प्राथमिकता, छनौट मापदण्ड लगायतका अन्य आवश्यक निरीक्षण र नियमितता गर्ने छ ।

३) विश्वविद्यालय अन्तर्गत भेटेनरी र एनिमल साइन्स बिषयहरुमा PG Thesis Research मा मात्रै बढिमा ३ जनालाई र बढिमा रु २० हजार सम्म सहयोग गर्ने तथा सुपरभाइजरको सिफारिसको ायचकबत समितिले नै बनाउने र यसलाई अनिवार्य शर्त मान्नुपर्ने ।

४) एक जना सुपरभाइजरले बढिमा २ जनासम्म सिफारिस गर्न सक्ने । त्यसो गर्दा सुपरभाइजर ले अन्य ठुला अनुदान नभएको भनि Guarantee गर्ने बाक्य Format मा अनिवार्य उल्लेख गर्ने । अन्य न्चबलत भएको प्रमाणित भएमा रद्ध गर्न सक्ने ।

५) यसका लागि रिर्सच प्रपोजल एप्रूभल (Research proposal approval) पत्र पेश गर्नुपर्ने ।

६ ) अनुसन्धानको काम विश्वविद्यालय भित्रै हुने कुरा निश्चित गर्नुपर्ने ।

१२. भेट्नरी शिक्षण अस्पतालमा सेवाको गुणस्तर बढाउन कसरी सहयोग गर्ने भन्ने बारेमा सञ्चालक समितीले कार्यविधी तयार गर्ने ।

१३. राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सभा सम्मेलनमा अनुसन्धानात्मक नतिजाहरू सहित भाग लिने कार्यमा सहयोग गर्ने : १) सहयोगका शर्तहरु देहाएबमोजिम हुने छन :

क) हाललाई बर्षमा १ जनालाई मात्र सहयोग गर्न सकिने । यसको आधार पहिलो आउने पहिलो अनुसार हुने । matching अनिवार्य शर्त हुनुपर्ने । साथै registration वा travel वा खाने वस्ने खर्च मध्ये कुनै एउटा शीर्षकमा मात्र सहयोग गर्न सकिने ।

ख ) एकपटक सहयोग लिइसकेको ब्यक्तिले अर्को सहयोग लिन पहिलो पटक सहयोग गरेको समय २ बर्ष पुरा भएको हुनुपर्ने ।

ग) आर्थिक सहयोग को लागि कोष सञ्चालक समितीले निर्णय गर्ने छ । बिबाद भएमा बहुमतले निर्णय गर्ने छ ।

घ) सहयोग लिने ब्यक्तिले कोषका अध्यक्ष मार्फत सम्पूर्ण योजना, invitation पत्र साथै अन्य प्रमाणहरू जस्तै अन्य Grant सहयोग नभएको प्रमाण वा भएमा आंशिक आर्थिक सहयोग मात्र भएको प्रमाण अनिवार्य रूपमा कार्य समितीमा पेश गर्नुपर्ने छ ।

ङ) अध्यक्षले निबेदन आएको ढिलोमा २ हप्ता भित्र बैठक राखि निर्णय दिनुपर्ने छ ।

च) आर्थिक सहयोग लिन चाहने ब्यक्तिले कार्यक्रम पुरा गरेको १ महिना भित्र पेश गरेको कार्यपत्र presentation certificate वा meeting certificate वा training certificate जस्ता बलियो प्रमाण सहित बढिमा १ पेजको छोटो रिर्पोट पेश गर्नुपर्ने छ ।

२) सहयोग रकम सम्वन्धि निर्णय कार्यक्रमको प्रकृति, कुल लागत आदीका आधारमा गर्नुपर्ने छ । यस सम्वन्धी सम्पूर्ण अधिकार कोष सञ्चालक समितिलाई रहने छ ।

१४. पशु प्रजनन र पशु स्वास्थ्य सम्वन्धी सेवा :

१) विश्वविद्यालयको भेट्नरी शिक्षण अस्पतालले सेवा पुरयाउन नसकेका चितवन जिल्लाका क्षेत्रहरु र नेपालका अन्य जिल्लाहरुमा पनि आफैले कार्यक्रम बनाएर सहयोगदाता खोजेर आफ्नै प्रयोजन वा अन्य संघ सस्थाको संयुक्त प्रयोजनमा पशु स्वास्थ्य र पशु प्रजनन् सम्वन्धी शिविरहरू एवं सेवामुलक कार्यक्रमहरू गर्न सक्ने छ ।

२) यसमा लाग्ने खर्च एवं सेवा सम्वन्धी कार्यक्रमलाई व्यवस्थित गर्न सञ्चालक समितिले परामर्श समिति बनाउन सक्ने छ ।

**१५. कोष लेखा र लेखापरीक्षणः**

१) कोषको लेखा कृषि तथा बन बिज्ञान विश्वविद्यालय आर्थिक प्रशासन नियमावली २०६९ बमोजिम राखिने छ ।

२) कोषको लेखापरीक्षण विश्वविद्यालय को सोही नियमावली अनुरुप हुने छ ।

**१६. अधिकार प्रत्यायोजनः** यस निर्देशिका बमोजिम समितिलाई प्राप्त अधिकारमध्ये कुनै वा सबै अधिकार आवश्यकता अनुसार कुनै उपसमिति, पदाधिकारी  कार्यदल वा सदस्यहरुलाई प्रत्यायोजन गर्न सकिने छ ।

**१७. दायित्व सर्नेः**

यो निर्देशिका प्रारम्भ हुनुभन्दा अघि भए गरेका कोषसंग सम्बन्धित अधिकार , सम्पत्ति हक तथा दायित्व यसै कोषमा सर्ने छन् ।

**१८. निर्देशिकामा संशोधन गर्न सक्नेः**

यस निर्देशिकाको आवश्यक संशोधन गर्न परेमा कोष सञ्चालक समितिको सिफारिसमा विश्वविद्यालय कार्यकारी परिषदले संशोधन गर्न सक्नेछ ।

**१९. कार्यविधि निर्धारण गर्न सक्नेः**

कोष सञ्चालक समितिले कोषबाट प्रवाह हुने आर्थिक सहयोग वितरण कार्यविधि बनाई लागु गर्ने छ ।

२०. **बाधा अडकाउ फुकाउने अधिकार:**

यो निर्देशिकाको प्रयोगमा कुनै बाधा अड्काउ परेमा व्याख्या गर्ने अन्तिम अधिकार विश्वविद्यालयको कार्यकारी परिषदलाई हुने छ ।

२१. **बचाउः** यो निर्देशिका प्रारम्भ हुनु भन्दा अघि कोषको नाममा भए गरेका सम्पूर्ण कार्यहरू यसै निर्देशिका बमोजिम भए गरेको मानिने छ ।